# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ७ , संख्याः १३**

कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/१२/०६ राजपत्रमा प्रकाशित मितिः२०८१/१२/१०


**भाग - २**

## चुरे गाउँपालिकाको पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

**प्रस्तावनाः**

यस चुरे गाउँपालिका प्राकृतिक स्रोत र साधनले सम्पन्न गाउँपालिका भएपनि व्यवसायीक रुपमा पशुपंक्षि पालन कार्यक्रम संचालन हुन नसक्दा गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रले दिनुपर्ने योगदान दिन नसकेको र प्रशस्त मात्रामा रोजगारी सृजना गर्न सक्ने आधार हुदाँहुदै पनि बेरोजगारीका कारणले ठुलो श्रम शक्ति रोजगारीका सिलशिलामा देश तथा विदेशमा गई न्युन ज्यालामा काम गर्नु पर्ने अवस्थाको अन्त्य गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी चुरे गाउँपालिकाको पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तयार गरी लागु गरीएको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "चुरे गाउँपालिका पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१" रहेको छ ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय प्रसंगको अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **पशु विकास कार्यक्रम संचालन** भन्नाले कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पुजि सहितको व्यवसायिक पशु उत्पादन (व्यवसायिक गाई भैसी पालन, व्यवसायीक बाख्रा र कुखुरा पालन ) बजार प्रवद्धन कार्यक्रम भन्ने बुझ्नु पर्दछ ।

(ख) **कार्यविधि** भन्नाले चुरे गाउँपालिका अन्तर्गत संचालित पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ सम्झनु पर्दछ ।

(ग) **स्कीम/परियोजना** भन्नाले पशुपंक्षि पालन व्यवसाय संचालन तथा बजार प्रवर्द्धन र कार्यक्रम संचालनका लागि तयार गरीएको प्रस्ताव सम्झनु पर्दछ ।

३. उदेश्यः **यस कार्यविधिका उदेश्य देहायबमोजिम रहेका छनः**

(क) बाख्रापालन तथा पशुपंक्षि बजार प्रवर्द्धन सम्बन्धि व्यवसाय संचालनका लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुर्याउँने ।

(ग) पशु उत्पादन तथा उत्पादकत्व आय आर्जनमा टेवा पुर्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

(घ) दुध, दुधजन्य उत्पादन र मासु तथा अण्डामा चुरे गाउँपालिकालाई आत्मनिर्भर गाउँपालिका बनाउने ।

## परिच्छेद – २

## पशु विकास व्यवसायिक गाई भैसी कुखुरा बाख्रा प्रवर्द्धन कार्यक्रम

४. गाई, भैसी, कुखुरा, बाख्रा प्रवर्द्धन कार्यक्रम तथा संचालन प्रक्रियाः

(क) **कार्यक्रम संचालन हुने स्थानः** चुरे गाउँपालिकाबाट कुनै वडा वा ठाउँलाई पकेट क्षेत्र तोकेर स्थान स्वीकृत भएपछि पशुसेवा शाखाले समुह गठन गरी कार्यक्रम संचालन गर्ने ।

(ख) **कार्यक्रम संचालन अवधिः** चुरे गाउँपालिका गाउँ कार्यपालिकाबाट निर्णय गरेबमोजिमको अवधिसम्म संचालन हुने।

**५. व्यवसायिक फार्मको वर्गीकरणः** यस कार्यक्रम अन्तर्गत व्यवसायिक गाई, भैसी, बाख्रा, कुखुरा फार्महरुलाई यस प्रकार वर्गीकरण गरीएको छः

(क) **निजी व्यवसायीक फार्मः** यस कार्यक्रमको प्रयोजनाका लागि न्युनतम ४० वटा प्रजनन योग्य माउ बाख्रा १० वटा माउ गाई ५ वटा माउ भैसी गरीरहेको वा सो संख्यामा व्यवसाय सुरु गर्ने फार्महरुलाई निजी व्यवसायिक पशु फार्म मानिने छ ।

**(ख) समुह वा समितिमा गठन तथा संचालनः**

(I) कार्यक्रम संचालनको लागि पशु सेवा शाखाले कृषक समुह/ समितिमा कम्तिमा १५ देखि २५ जना सदस्य भएको समुह गठन गर्न सक्नेछ र प्रत्येक कृषक सदस्यसँग औसतमा १२ वटा प्रजनन योग्य माउ, बाख्रा गाई, भैसी भएको वा सो संख्यामा गाई, भैसी, बाख्रा पालन गरी व्यवसाय सुरु गर्ने समुह/ समिति अन्तर्गतका फार्महरुलाई व्यवसायिक फार्म मानिनेछ ।

(II) समुह गठन गर्दा कार्यक्रमको उदेश्य अनुरुप लक्षित समुह, गरीबीको रेखामुनी रहेका महिला, दलित, जनजाती, अल्पसंख्यक, वैदेशिक रोजगारीबाट फर्किएका, कोरोनाका कारण वैदेशिक रोजगारमा जान नसकेका १८ देखि ५० वर्ष सम्मका युवाहरुलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

(III) समुह गठन गरिसकेपछि पशुसेवा शाखामा दर्ता गर्नु पर्नेछ । समुहको दर्ता संचालन परिचालन पशु सेवा शाखाले तोकेबमोजिम हुनेछ ।

(IV) समुह/समितिहरुलाई आवश्यकता अनुसार पशु सेवा शाखाले उद्यमशीलता विकास तालिम समेत दिनु पर्नेछ साथै नियमित अनुगमन निर्देशन तथा व्यवसायिक परामर्श सेवा, औषधि उपचार सेवा, घुम्तिकोष संचालन जस्ता व्यवसायिक कृयाकलापमा नियमित सहयोग गर्नु पर्नेछ ।

**(ग) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकमः**

(I) यस चुरे गाउँपालिकामा १ वडा १ उत्पादन कार्यक्रम भित्र प्रक्रियागत रुपमा छनोटमा परेका व्यवसायीहरुलाइ व्यवसायीको आर्थिक सामाजिक भौतिक अवस्था हेरी अनुदान उपलब्ध गराइने छ ।

(II) समुह समितिमा व्यवसायिक बाख्रा भैसी गाई कुखुरा पालन स्थापना वा सुदृढिकरणका लागि पशु सेवा शाखाले वार्षिक बजेटको अधिनमा रहि आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

(III) समुह समितिका सदस्यहरुले कम्तिमा २० प्रतिशत स्व लगानी गर्नुपर्नेछ ।

(घ) **अनुदान रकमको उपयोगः** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाख्राको खोर, गाई-भैसीको गोठ, कुखुराको खोर निर्माण/ सुधार, जैविक सुधारका लागि फेन्सिङ, डिपिङ ट्यांक, घासँ विकास तथा नर्सरी स्थापना, औषधी उपचार गर्ने, प्रजनन बोका, रागा, गोरु खरिद र कृतिम गर्भाधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन।साथै गाउँपालिकाले आवश्यकताको आधार तथा जनताहरुको मागका आधारमा कार्यपालिकाको निर्णय अनुसार भैसी, गाई, बाख्रा र कुखुरा खरिद गर्न बाध पर्ने छैन।

**(ङ) कार्यक्रम संचालन प्रकृयाः**

(I) **प्रस्ताव आव्हानः** यस चुरे गाउँपालिकाको १ वडा १ उत्पादन कार्यक्रमका लागि छनोट भएका वडाका वडा समितिको रोहवरमा सम्बन्धित वडा भित्र व्यवसायिक

रुपमा व्यवसाय गर्दै आइरहेका कृषकहरुको निश्चित मापदण्ड पुरा गरी समुह गठन मार्फत कार्यक्रम संचालन गरीनेछ ।

(II) **प्रस्तावहरुको स्वीकृतीः** १ वडा १ उत्पादन कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न अनुसुची ३ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित पशु विकास शाखाको हुनेछ।

(III) **मुल्याङ्कनका आधारहरुः** मुल्याङ्कनका आधारहरु तोकिए अनुसार हुनेछन।

## परिच्छेद – ३

## कार्यक्रम संचालन प्रकृयाः

### ६. पशु विकास कार्यक्रम अन्तर्गत पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम संचालन प्रकृयाः

(क) पशु पंक्षि बजार प्रवर्द्धनका लागि तपशिल अनुसारका कार्यक्रमहरु अनुदान रकम उपलब्ध गराईनेछ ।

- चिलिग भ्याट स्थापना तथा संचालन
- डेरी पसल निर्माण तथा सुधार
- मासु पसल निर्माण तथा सुधार
- छाला संकलन
- स्थानीय स्तरमा जुत्ता तथा छालाका सामाग्री उत्पादन
- स्थानीय स्तरमा दुध तथा दुध जन्य खाद्य पदार्थहरु प्रशोधन तथा बजारीकरण
- विविध पशुजन्य उत्पादनहरुको बजारीकरण सम्बन्धि कार्यक्रमहरु

(ख) स्वीकृत बार्षिक कार्यक्रम बजेटमा उल्लेखित रकमको आधारमा सार्वजनिक निजी साझेदारीमा अनुदान वितरण गरिनेछ ।

(ग) फर्मको प्रोपाइटर भएपनि समुहमा आउँदा समुहको सदस्य हुनेछ ।

(घ) समुहको संयुक्त बैंक खाता कार्यविधिमा उल्लेख भए अनुसार स्व-लगानी बैंक भौचर जम्मा भएमा मात्र समुहसँग अनुसुची ३ बमोजिम द्बिपक्षिय सम्झौता हुनेछ ।

(ङ) कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरिएमा अनुदान रकम २ किस्तामा उपलब्ध गराईनेछ । काम शुरु भएपछि ५० प्रतिशत रकम र बाकी ५० प्रतिशत रकम कार्य सम्पन्न भएपछि उपलब्ध गराईनेछ वा सम्झौता मुताविक सम्पुर्ण काम सम्पन्न भईसके पश्चात आवश्यक कागजात र बिल भरपाईको आधारमा एकमुष्ट भुक्तानी दिइनेछ ।

(च) चुरे गाउँपालिका एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत समुह गठन भइ समुहहरुलाई अनुसुची ३ बमोजिम सम्झौता गर्ने दायित्व चुरे गाउँपालिकाको हुनेछ।

**७. अनुगमन तथा मुल्याङ्कन समिति सम्बन्धि व्यवस्थाः**

(क) चुरे गाउँपालिका पशु विकास शाखा मार्फत संचालन गरिने सम्पुर्ण योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन गर्न तपशिल अनुसारको अनुगमन तथा मुल्याङ्कन समिति रहनेछ ।

(I) गाउँपालिका उपाध्यक्ष - संयोजक

(II) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना-सदस्य

(III) योजना शाखा प्रमुख - सदस्य

(IV) कृषि विकास शाखा प्रमुख - सदस्य

(V) पशु विकास शाखा प्रमुख - सदस्य सचिव

(ख) अनुगमन तथा मुल्याङ्कन समितिको स्थलगत अनुगमन तथा फिल्ड भेरिफिकेसनको आधारमा भुक्तानी वा रोक्काको लागि सिफारीस गरिनेछ ।

**८. अनुगमन सम्बन्धी व्यवस्थाः**

(क) गाउँपालिकाबाट संचालित अनुदानका कार्यक्रमहरुलाई नियमित रुपमा अनुगमन गरिनेछ ।

(ख) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यविधि अनुगमन समितिबाट तयार गरीनेछ ।

(ग) पशु विकास शाखामा कार्यक्रम संचालनको लागि समुहमा छनोट भएका सदस्यहरुको फिल्ड भेरिफिकेसनको लागि सम्बन्धित ठाउँमा गएर स्थलगत अध्ययन गर्ने जिम्मेवारी अनुगमन समितिको हुनेछ ।

## परिच्छेद – ४

## विविध

९. **कार्वाहीको व्यवस्थाः** यस चुरे गाउँपालिका १ वडा १ उत्पादन कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गरेका समुहको सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कार्वाही गरी सरकारी रकम असुल उपर गरीनेछ ।

१०. **प्रचलित कानुन लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

११. **कार्यविधि संसोधन तथा परिमार्जनः** चुरे गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवम् संसोधन गर्न सक्नेछ ।

१२. **बीमाः** हरेक समुह अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु बीमा गराउनु पर्नेछ ।

१३. **फार्म समुह दर्ता तथा नविकरण प्रकृयाः** यस गाउँपालिकामा पशु पंक्षी फार्म तथा समुह दर्ता एवम् नवीकरण तोकीएको प्रकृया बमोजिम हुनेछ ।

१४. **सहजकर्ताको व्यवस्थाः** यस गाउँपालिकाको पशु विकास शाखाबाट संचालित कार्यक्रमको सहजीकरणको लागि एक जना पशु विकास प्राविधिक सहजकर्ताको नियुक्ति गरिनेछ ।

**१५.** (क) दफा १४ बमोजिम नियुक्त सहजकर्ताको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः

- समुहहरुको मासिक वैठकमा सहजीकरण गर्ने ।
- मासीक बचत गराउने ।
- औषधि उपचार हितकोष खडा गरी परिचालन गर्ने ।
- समुहको कार्ययोजना बनाइ कार्ययोजना अनुसार कार्यक्रम संचालन गर्ने ।
- समुहहरुमा स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण दिने ।
- शाखाको कार्यक्रम संचालन प्रकृयालाई उदेश्यमुलक बनाउन सहयोग गर्ने ।

- मासिक प्रततिवेदन शाखामा पेश  गर्ने ।

(ख) उक्त कार्यक्रम संचालन गर्न सम्बन्धित पशु सेवा शाखा हेर्ने प्रमुख १ जना र समुहका अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्येबाट २ जना गरी ३ जनाको संयुक्त हस्ताक्षरबाट खाता संचालन गरी कार्यक्रम संचालन गरिनेछ ।

(ग) १ वडा १ उत्पादन कार्यक्रम अन्तर्गत व्यवसायीहरुको हितको लागि औषधि उपचार हितकोष स्थापना गरिनेछ । जसमा सुरुवातमा कार्यक्रमबाट प्रति समुहलाई नगद रु ४०,००० (चालिस हजार) र समुहको स्व-लगानीबाट प्रति समुह रु १०,००० (दश हजार) गरी जम्मा ५०,००० (पचास हजार) को कोष खडा गरानेछ । उक्त कोषको रकम खर्च गर्दा सम्बन्धित सामाजिक परिचालकको रोहबरमा वास्तविक खर्चका बील भर्पाईहरु सम्बन्धित समुहमा पेश गरिसकेपछि समुहले अनुमोदन गरेमा मात्र भुक्तानी दिन सकिनेछ ।

**१६. सहजकर्ताको पारिश्रमिक सम्बन्धि व्यवस्था देहायबमोजिम हुनेछः**

- मासिक रु १५,०००
- संचार खर्च रु २००
- फिल्ड भत्ता रु २०००
- जम्मा रु १७,२००

## अनुसुची – १

### पशु उत्पादन बाख्रा गाई भैसी कुखुरा प्रवद्धन / पशु बजार प्रवद्धन सम्बन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिइने आवेदन पत्र ।

श्रीमान् कार्यालय प्रमुखज्यु, मितिः ....................

चुरे गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, घरखेडा, कैलाली

**विषय – पशुपंक्षी विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराइदिने बारे ।**

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............................................ कार्य गर्न तीव्र इच्छा भएकोले निम्नानुसार कागजात राखि निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्रै रहि कार्य गर्नेछु ।

पुनश्चः तपशील अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशीलः

- अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
- नेपालि नागरिकताको प्रमाणीत प्रतिलिपी
- फार्म, समुह, सहकारी समित सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक
- अन्य प्रमाणीत प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौता पत्र आदिको) प्रतिलिपीहरु
- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोर्टको प्रतिलिपी
- प्रयोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
- पर्यावरणीय असरको न्युनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्बन्धि विवरण
- समुह/समित/सहकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनोट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता ।

निवेदकको

नामः

दस्तखतः

संस्था/व्यक्तिको ठेगानाः

## अनुसुची – २

### पशु उत्पादन बाख्रा प्रवर्द्धन/गाई प्रवर्द्धन/भैसी प्रवर्द्धन/ पशु बजार प्रवर्द्धन सम्बन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यवसायिक कार्ययोजना ।

### व्यवसायीक बाख्रा/ गाई/ भैसी फार्म प्रवर्द्धन कार्यक्रम

१. व्यवसायको परिचयः

२. उदेश्यहरुः

३. बाख्रा/ गाई/ भैसी/पालन व्यवसायमा अनुभवः

४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय संचालनका लागि रहेका पुर्वाधारहरुः

६. सहकार्यमा संचालन गरीने प्रस्तावित कार्य विवरणः

| क्र.स. | संचालन गरीने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

नोटः सहकार्यमा बाख्रा/ गाई /भैसी पालन गर्ने फार्म र समुह समिति र सहकारीले न्युनतम अनुदान रकम वरावरको रकम

७. उत्पादित वस्तुको बजार योजना

८. अपेक्षित वार्षिक प्रतिफल

**प्रस्ताव पेश गर्ने**

समुह समितिको नामः ....................

सम्पर्क नम्बरः ................

ठेगानाः .................................

व्यवसाय गरीने स्थानः ....................

लाभान्वित जनसंख्याः.....................

**समुह/समितिको तर्फबाट सही गर्नेको**

नामः .......................

दस्तखतः .........................

मितिः ...........................

संस्थाको छापः

## अनुसुची – ३

## चुरे गाउँपालिका, पशु सेवा शाखा

## संघिय सरकार ससर्त अनुदान एक वडा एक उत्पादन बाख्रा/ भैसी/गाई पालन कार्यक्रम संचालनको लागि समुह सँग गरीने सम्झौता पत्र ।

चुरे गाउँपालिका पशु सेवा शाखा,..............................मार्फत संचालन गरिने चालु अर्थिक वर्ष ............को स्वीकृत लक्षित.................. कार्यक्रम संचालन गर्न पशु सेवा शाखा (यस पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनोट भएका युवा कृषक, समुह श्री............................ (यस पछाडी दोस्रो पक्ष भनिने) बीच तपशीलका सर्तनामाहरु गरी गराइ कार्यक्रम सम्पन्न गर्न सम्झौता सहमति भएको छ ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/ कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ ड्राफ्ट/ चेक अनुदान स्वरुप उपलब्ध गराउनेछ।
२. दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक कृयाकलापहरुको विस्तृत बजेट विवरणको आधारमा १ वडा १ उत्पादन अन्तर्गत सम्पुर्ण कृयाकलापहरुको आधारमा संचालन गर्नु पर्नेछ ।
३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन ।
४. गाई/भैसी/ बाख्रा पालन गर्ने व्यवसायी कृषकहरुले पशु बीमा अनिवार्य गर्नुपर्नेछ ।
५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।
६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

| पहिलो पक्षः | दोस्रो पक्षः |
|---|---|
| **चुरे गाउँपालिका तर्फबाट सहि गर्नेको** | **समुहको तर्फबाट सहि गर्नेको** |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

आज्ञाले
तेज बहादुर बोगटी
प्रमुख प्रशासकीय अधिकृत